# २६.१० अंकले बढ्यो नेप्से, ४ अर्ब ४८ करोडको कारोबार




काठमाडौं (कास)- सोमबार नेप्से ०.९९ प्रतिशतले बढेर २६४०.७८ विन्दुमा बन्द भएको छ । यस दिन कारोबार रकममा भने गिरावट आएको छ ।

गत कारोबार दिन अर्थात् आइतबार ६ अर्ब ३२ करोडको सेयर कारोबार भएकोमा आइतबार चार अर्ब ४८ करोडको कारोबार भएको छ । यो रकम अघिल्लो दिनको तुलनामा १ अर्ब ८४ करोड रूपैयाँ कमी आएको हो ।

सोमबार ३२६ वटा धितोपत्रको ९७ लाख ३९ हजार ७३८ कित्ता सेयर किनबेच भएको हो । यस दिन २१० कम्पनीको सेयर मूल्य बढेको छ भने ३३ वटाको घटेको छ । यस दिन गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सको मूल्य सर्वाधिक ९.२९ प्रतिशतले बढेको छ । उक्त कम्पनीको प्रतिकित्ता मूल्य दुई हजार २६१ रूपैयाँ कायम भएको छ ।

यस्तै, पोखरा फाइनान्सको मूल्य ७.४७ प्रतिशतले बढेर प्रतिकित्ता मूल्य ४३८ रूपैयाँ पुगेको छ । सोमबार अपर हेवाखोला हाइड्रोपावरको मूल्य सर्वाधिक ४.९२ प्रतिशतले घटेर प्रतिकित्ता मूल्य ८०० रूपैयाँ पुगेको छ । यस्तै, नारायणी डेभलपमेन्टको मूल्य ४.०५ प्रतिशतले घटेर प्रतिकित्ता मूल्य एक हजार ९१५ रूपैयाँ पुगेको छ ।

सोमबार हिमालयन रिइन्स्योरेन्सको सर्वाधिक कारोबार भएको छ । कम्पनीको प्रतिकित्ता ९६६ रूपैयाँ ६० पैसामा ३२ करोड ६९ लाख रूपैयाँको सेयर कारोबार भएको छ । यो मूल्य अघिल्लो दिनको तुलनामा ३.५२ प्रतिशत बढेको छ ।

सोमबार कारोबारमा आएका १३ वटा समूहगत परिसूचकमध्ये सबै समूहको परिसूचक बढ्दा समग्र नेप्से बढेको हो । यस दिन वित्त समूहको परिसूचक सर्वाधिक ३.७५ प्रतिशतले बढेको छ ।

# महालक्ष्मी विकास बैंकको वित्तीय सचेतना कार्यक्रम




काठमाडौं (कास)- महालक्ष्मी विकास बैंकले साताव्यापी रुपमा मनाइएको ग्लोबल मनी विक २०२५ को अवसरमा वित्तीय साक्षरता, ऱ्याली तथा सचेतनाका कार्यक्रम सम्पन्न गरेको छ ।

अभियान अन्तर्गत बैंकका देशभरका विभिन्न शाखमार्फत युवामा वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्ति विकासका लगि वित्तीय साक्षरताका कार्यक्रम, प्रभातफेरि कार्यक्रम सञ्चालन गरिएको छ । देशभरी गरिएका कार्यक्रममा १२०० जना भन्दा बढीको सहभागिता रहेको थियो । ती कार्यक्रममा बचत, कर्जा, लगानी, सफा नोट, विद्युतीय वित्तीय सेवा, विप्रेषण, गुनासो सुनुवाईलगायतका विषयमा जानकारी गराइएको थियो । यसैगरी वित्तीय सेवा प्रदायक संस्था, धितोपत्र बजार, जोखिम व्यवस्थापन, बीमा, वित्तीय ठगी र वित्तीय अनुशासन सम्बन्धी विषयवस्तुमा जानकारी गराइएको छ ।

## गतिविधि

# सिटिजन्स बैंकको वित्तीय साक्षरता



काठमाडौं (कास)- सिटिजन्स बैंक इन्टरनेसनलले ७ वटै प्रदेशमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ ।

यही चैत ४ देखि १० गतेसम्म सञ्चालन भएको ग्लोबल मनि विकमा सर्वसाधारणलाई वित्तीय ज्ञान प्रदान गरेर सम्पन्न गरेको छ । ग्लोबल मनि विक अन्तर्गत बैंकले सातै प्रदेशका विभिन्न स्थानमा कार्यक्रम आयोजना गरी वित्तीय ज्ञान प्रदान गर्ने कार्य गरेको छ । यस कार्यक्रममा उपस्थित युवा तथा विद्यार्थीमा वित्तीय साक्षरताको आवश्यकता र महत्वको बारेमा विस्तृत प्रकाश पारिएको छ । यससँगै वित्तीय साक्षरताको अवस्था र विद्युतीय बैंकिङको विकाससँगै बढेको अपराध र जोखिमको बारेमा समेत जानकारी गराइएको थियो ।

नगद कारोबार, लेनदेन तथा विप्रेषण जस्ता वित्तीय कारोबार गर्ने क्रममा बैंकिङ प्रणालीकै प्रयोग गर्न समेत उक्त कार्यक्रमबाट आग्रह गरिएको छ । यसबाट बैंकिङ प्रणाली मजवुत हुने साथसाथै युवा र विद्यार्थीमा वित्तीय ज्ञानको विकास हुने विश्वास लिएको बैंकले जनाएको छ ।

# ग्लोबल मनी वीकमा एभरेष्टको विभिन्न कार्यक्रम

एभरेष्ट बैंकले सप्ताहव्यापी अभियान अन्तर्गत ग्लोकब मनी वीकको उपलक्ष्यमा देशभर वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रमअन्तर्गत बैंकले ७ वटै प्रदेशका विभिन्न शाखामार्फत विभिन्न स्कुल/क्याम्पसमा वित्तीय साक्षरता कार्यक्रमको आयोजना गरी झण्डै तीन हजार विद्यार्थीबीच वित्तीय साक्षरता सन्देश दिन सफल भएको छ । कार्यक्रममा केही विद्यार्थीलाई बैंकको शाखासमेत अवलोकन गराई बैंकले दिने सेवा सम्बन्धि जानकारी गराइएको छ ।

कार्यक्रममा युवामा वित्तीय ज्ञान, सीप, मनोवृत्ति, वित्तीय समावेशीकरण, वित्तीय सचेतना, सुरक्षित डिजिटल कारोबार, बैंकहरुले दिने सेवा र यसमा अपनाउनु पर्ने सावधानीका विषयमा सचेतना कार्यक्रम आयोजना गरिएको थियो ।

# सिटिजन्सको अगुवाइमा तेस्रो पक्ष भण्डारण सेवा परियोजना सञ्चालनमा आउने




काठमाडौं (कास)- सिटिजन्स बैंक इन्टरनेसनलको अगुवाइमा माछापुच्छ्रे बैंकसहित २ बैंकले ९५ करोड रुपैयाँ ऋण लगानी गर्ने गरी नेपालमै पहिलोपटक तेस्रो पक्ष भण्डारण सेवा परियोजना सञ्चालनमा आउने भएको छ ।

प्रवर्द्धक कम्पनी उपाय वयरहाउजिङ र लगानीकर्ता बैंकबीच वित्तीय व्यवस्थापनका लागि सहवित्तीयकरण कर्जा व्यवस्थापन भएको छ । उक्त परियोजना बनेपा नगरपालिकाको नासिकास्थान साँगामा निर्माण हुने बताइएको छ ।

परियोजनाको अनुमानित लागत एक अर्ब २० करोड ७ लाख रुपैयाँमध्ये बैंकहरूले ८५ करोड रुपैयाँबराबरको आवधिक कर्जा (निर्माण अवधिको ब्याजबाहेक) बढीमा ८०:२० को ऋण स्वपुँजी रहने गरी लगानी गर्नेछन् ।

यसमध्ये सिटिजन्स बैंकबाट ६० करोड (आवधिक कर्जा ५० करोड रुपैयाँ, बैंक ग्यारेन्टी सुविधा पाँच करोड रुपैयाँ र क्यास क्रेडिड कर्जा पाँच करोड रुपैयाँ) र माछापुच्छ्रे बैंकबाट ३५ करोड (आवधिक कर्जा) लगानी हुनेछ भने बाँकी स्वपुँजी प्रवर्द्धकबाट जुटाइनेछ । परियोजना आगामी दुई वर्षभित्र निर्माण सम्पन्न गरी भण्डारण सेवा प्रदान गर्ने लक्ष्य रहेको छ ।

सहवित्तीयकरण कर्जा सम्झौता हस्ताक्षर कार्यक्रमलाई संवोधन गर्दै सिटिजन्स बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सिटिजन्स बैंकले स्थापनाकालदेखि नै एकल लगानीका साथै आफ्नो अगुवाइ, सहअगुवाइ तथा अन्य बैंकसँगको सहवित्तीयकरण कर्जामार्फत जलविद्युत्, हरित ऊर्जा, अस्पताल, उत्पादन तथा अन्य क्षेत्रमा उल्लेख्य रूपमा लगानी गर्दै आएको बताए ।

# सिटी एक्सप्रेसद्वारा पुरस्कार हस्तान्तरण



काठमाडौं (कास)- सिटी एक्सप्रेस मनि ट्रान्सफरले नयाँ उपहार योजना सार्वजनिक गरेको छ ।

कम्पनीले '१८औं वर्षमा १८ गुणा, परिवारमा खुशी लाखौं गुणा' योजनाको उपहार हस्तान्तरण कार्यक्रम सम्पन्न गरेको छ । कोरियाबाट निराजन ढकालले जि मनि ट्रान्सफरमार्फत यहाँ सिटी एक्सप्रेसमा आमा निर्मला तिवारीलाई रेमिटान्स पठाउँदा '१८औं वर्षमा १८ गुणा, परिवारमा खुशी लाखौं गुणा' योजना अन्तर्गत पठाएको रकमको १८ गुणा गरी सात लाख ५४ हजार ३६२ रुपैयाँ जित्न सफल भएका थिए । सोही रकम उनकी आमा निर्मला तिवारीलाई हस्तान्तरण गरिएको छ ।

सोही योजना अन्तर्गत लक्की ड्रमार्फत हरेक महिना २ जनालाई सामसुङको स्मार्ट फोन, हरेक हप्ता २ जनालाई सामसुङको स्मार्ट टिभीका साथै ९० दिन लगातार हरेक दिन १८ जना विजेतालाई जनही पाँच हजार रुपैयाँको सिटी पे वालेट टपअप र अन्त्यमा एक जना भाग्यशाली बम्पर बिजेताले पठाएको रकमको १८ गुणा बढी रकम पाउने योजनामा रहेको थियो ।

# एनसेलको आयोजनामा मैत्रीपूर्ण फुटबल

काठमाडौं (कास)- एनसेलले चैत १५ गतेबाट सुरु हुने एनसेल नेपाल सुपर लिग (एनएसएल)को अवसरमा काठमाडौंको लैनचौर खेलमैदानमा एक मैत्रिपूर्ण फुटबल खेल आयोजना गरेको छ । तीन टिमको सहभागिता रहेको यो मैत्रिपूर्ण खेलमा नेपाल खेलकुद पत्रकार संघको टिम विजयी भएको छ ।

सेभेन ए साइड फुटबल मैदानमा खेलिएको यस खेलमा पहिलो खेल एनसेल टिम र पुर्व राष्ट्रिय खेलाडी तथा भेटरान फुटबलर अनिल गुरुङको नेतृत्व रहेको कलाकार तथा मोडलहरुको टिमबीच भएको थियो । यसमा एनसेल टिमले अनिल गुरुङको टिमलाई २-१ का साथ १ गोलको अन्तरले हराएको थियो ।

प्रतियोगिताको फाइनल खेल नेपाल खेदकुद पत्रकार संघको टिम र एनसेल टिमबीच भएको थियो । यस फाइनल खेलमा नेपाल खेदकुद पत्रकार संघको टिमले २-० ले जित हासिल गरेको थियो ।

शनिबारबाट सुरु भई वैशाख १३ गते समापन हुने यस फ्रेन्चाइज फुटबल प्रतियोगिता एनएसएल सिजन ३ मा एनसेल प्रमुख प्रायोजकका रुपमा आवद्ध रहेको छ । यस सिजनमा ललितपुर सिटी एफसी, काठमाडौं रेजर्स एफसी, पोखरा थन्डर्स एफसी, बुटवल लुम्बिनी एफसी, धनगढी एफसी, झापा एफसी र चितवन गरी नेपालका सात टोलीहरू उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।


## सारह बचत तथा ऋण सहकारी संस्था लि.

शंखमुल, हाउस नं. २३५ नयाँबानेश्वर, काठमाण्डौं-३१, नेपाल, फोन.नं. ५२४२२५७, ५२४२२५८

### कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१२/१२)

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋृणी सदस्यहरुले उपभोग गरेको ऋण कर्जाको समय समयमा बुझाउनु पर्ने साँवा, व्याज, विलम्ब व्याज तथा अन्य दैदस्तुर आदि नबुझाई बाँकी राख्नु भएको र तपाईलाई पटक पटक लिखित तथा मौखिक रुपमा ताकेता गर्दा समेत ऋृण, कर्जाको साँवा, व्याज बिलम्ब व्याज लगायतका रकम तिर्न बुझाउन तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी संस्थासंग गरेको सम्झौता शर्त, कबुलियतहरुको उलङ्घन गर्नु भएकोले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क राखि सम्झौता बमोजिम संस्थालाई तिर्न, बुझाउन बाँकी साँवा, व्याज, दैदस्तुर समेतको सम्पूर्ण बक्यौता रकम चुक्ता गर्न गराउन हुन ऋणी सदस्य, कर्जाको धितो सुरक्षण लेखाई दिनु हुने धनी, जमानीकर्ताहरु लगायत सम्बद्ध सबैमा यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ । उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेमा सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा संस्थाको विनियम, ऋृण नीति एवं अन्य प्रचलित नेपाल कानुन बमोजिम धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित अचल सम्पत्ति लिलाम बिक्री गरी वा ऋणी सदस्य जमानतकर्ताको तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथा समेतबाट ऋृण असुली पक्रियामा लाग्ने खर्च समेत थप गरी कर्जा असुल उपर गर्न आवश्यक कानूनी प्रक्रिया शुरु गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

| ऋणीको नाम, ठेगाना र कर्जा शिर्षक | धिताको विवरण |
|---|---|
| **१. ऋणीको नाम : शिव श्रेष्ठ**<br>बुबाः हर्क बहादुर श्रेष्ठ<br>बाजेः भुइये गोपाल श्रेष्ठ<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ९<br>ना.प्र.प.नं. : २६-२२५३-४९/५० मिति २०५०/०२/०३<br>नागरिकता लिएको जिल्ला : धादिङ्ग ***कर्जा शिर्षक : व्यापारिक*** | निज ऋृणीको नाम मालपोत कार्यालय धादिङ्गमा दर्ता श्रेस्ता कायम रहेको धादिङ्ग जिल्ला बैरेनी गा.वि.स. /न.पा. वडा नं. ९ को कि.नं. १३२ को क्षेत्रफल २-१५-२-१, अर्थात १५१२.२२ र कित्ता नं. ११२६ को क्षेत्रफल ०-५-०-० अर्थात १५८.९५ वर्गमिटर जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| ***व्यक्तिगत धनजमानी दिनेहरु:*** | |
| १. नाम : **सर्मिला श्रेष्ठ शाक्य**<br>बुबा : कृष्णरत्न शाक्य<br>पति : शिव श्रेष्ठ<br>बाजे : न्हुछे शाक्य<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. १<br>ना.प्र.प.नं. : २७६३ मिति २०४८/०३/३०<br>नागरिकता लिएको जिल्ला : धादिङ्ग । | २. नाम : **सानु शाक्य**<br>बुबाः कृष्णरत्न शाक्य<br>बाजेः न्हुछे शाक्य<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. १<br>ना.प्र.प.नं. : ३/७०१३-०४४/४५ जिल्ला प्रशासन कार्यालय धादिङ्ग |
| **२.ऋणीको नाम : सर्मिला श्रेष्ठ शाक्य**<br>बुबा : कृष्णरत्न शाक्य<br>पति : शिव श्रेष्ठ<br>बाजे : न्हुछे शाक्य<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. १<br>ना.प्र.प.नं. : २७६३ मिति २०४८/०३/३०<br>नागरिकता लिएको जिल्ला : धादिङ्ग । ***कर्जा शिर्षक : व्यापारिक*** | निज ऋणीको नाम मालपोत कार्यालय धादिङ्गमा दर्ता श्रेस्ता कायम रहेको धादिङ्ग जिल्ला बैरेनी गा.वि.स. /न.पा. वडा नं. ९ को कि.नं. ११२५ को क्षेत्रफल ०-८-०-०, अर्थात २५४.३२ वर्गमिटर जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |
| ***व्यक्तिगत धनजमानी दिनेहरु:*** | |
| १. नाम : **शिव श्रेष्ठ**<br>बुबाः हर्क बहादुर श्रेष्ठ<br>बाजेः भुइये गोपाल श्रेष्ठ<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ९<br>ना.प्र.प.नं. : २६-२२५३-४९/५० मिति २०५०/०२/०३<br>नागरिकता लिएको जिल्ला : धादिङ्ग | २. नाम : **सानु शाक्य**<br>बुबाः कृष्णरत्न शाक्य<br>बाजेः न्हुछे शाक्य<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. १<br>ना.प्र.प.नं. : ३/७०१३-०४४/४५ जिल्ला प्रशासन कार्यालय धादिङ्ग । |
| **३.ऋणीको नाम : सानु शाक्य**<br>बबुबाः कृष्णरत्न शाक्य<br>बाजेः न्हुछे शाक्य<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. १ ।<br>ना.प्र.प.नं. : ३/७०१३-०४४/४५ जिल्ला प्रशासन कार्यालय धादिङ्ग । ***कर्जा शिर्षक : व्यापारिक*** | |
| ***व्यक्तिगत धनजमानी दिनेहरु:*** | |
| १. नाम : **शिव श्रेष्ठ**<br>बुबाः हर्क बहादुर श्रेष्ठ<br>बाजेः भुइये गोपाल श्रेष्ठ<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला, बैरेनी गा.वि.स. वडा नं. ९<br>ना.प्र.प.नं. : २६-२२५३-४९/५० मिति २०५०/०२/०३<br>नागरिकता लिएको जिल्ला : धादिङ्ग । | २. नाम : **सर्मिला श्रेष्ठ शाक्य**<br>बुबा : कृष्णरत्न शाक्य<br>पति : शिव श्रेष्ठ<br>बाजे : न्हुछे शाक्य<br>स्थायी ठेगाना : धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. १<br>ना.प्र.प.नं. : २७६३ मिति २०४८/०३/३०<br>नागरिकता लिएको जिल्ला : धादिङ्ग । |

## प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौंडा, नेपाल

### Invitation for Electronic Bids for the Procurement of Construction Works

**Date of Publication: 2081/12/12**

**Province Sports Development Council, Bagmati Province** invites electronic bids from eligible bidders for the procurement of following works items under National Competitive Bidding Procedures specified in Public Procurement Act-2063 and Regulations-2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at **Province Sports Development Council, Bagmati Province. Mobile: 9851099013, 9860937376 or may visit PPMO egp. system web: www.bolpatra.gov.np/egp.**

| S. N. | Contract ID number | Description of Particulars | Estimated Amount Inclusive VAT (NRs.) | Amount for Bidding Document (NRs.) | Amount of Bid Security (NRs.) |
|---|---|---|---|---|---|
| 1. | PSDC/NCB/ WORKS/04/ 2081/82 | JIRI NAGARSTARIYE KABHARD HALL NIRMAN, JIRI NAGARPALIKA, DOLAKHA | 1,84,76,007.89 | 3,000.00/- | 5,00,000/- |

- Bidders, submitting their bid electronically, should deposit the cost (Rs. 3,000) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank : Rastriya Banijya Bank.**
**Name of Office : Province Sports Development Council, Bagmati Province**
**Office Code no. : 3430232013** **Account no. : 1000100200010000**
**Type of Account: Rajashaw Khata** **Revenue Code No : 14229**

- The Bidder shall furnish a bid security, from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law with a minimum of **5,00,000/- (Five Lakhs Only)** which shall be valid for **30 days** beyond the validity period of the bid

**Account Name: Province Treasury Comptroller Office, Bagmati Province, Hetauda**
**Bank Name: Rastriya Banijya Bank**
**Bank Address: Hetauda** **Account Number: 1300100202030000**

**member secretary**

### कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना १२ गते मंगलबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्वन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

| | |
|---|---|
| **क) शाखा कार्यालय : नारायणगढ शाखा** | **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा** |
| **ऋणीको विवरण** | |
| मन बहादुर नगरकोटीको छोरी धन लाल श्रेष्ठको बुहारी सूर्यलाल श्रेष्ठको पत्नी चितवन जिल्ला नारायणपुर गा.वि.स. वडा नं. ६ हाल, भरतपुर म.न.पा. वडा नं. ३ बस्ने **कमल कुमारी श्रेष्ठ** (ना.प्र.नं. : ३०७५ जारी मिति र जिल्ला : २०३८/०३/१४, चितवन) | |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** | |
| १) धन लाल श्रेष्ठको नाति सूर्यलाल श्रेष्ठको छोरा चितवन जिल्ला भरतपुर वडा नं. ४ हाल, भरतपुर म.न.पा. वडा नं. ३ बस्ने **शुक्र कुमार श्रेष्ठ** (ना.प्र.नं. : २६१८ जारी मिति र जिल्ला : २०५१/१२/१५, चितवन) | |
| २) धन लाल श्रेष्ठको नाति सूर्यलाल श्रेष्ठको छोरा चितवन जिल्ला भरतपुर वडा नं. ४ हाल, भरतपुर म.न.पा. वडा नं. ३ बस्ने **पदम लाल श्रेष्ठ** (ना.प्र.नं. : ३५२६२९/०४४ जारी मिति र जिल्ला : २०५८/०७/२६, चितवन) | |
| ३) धन लाल श्रेष्ठको नाति सूर्यलाल श्रेष्ठको छोरा चितवन जिल्ला भरतपुर वडा नं. ४ हाल, भरतपुर म.न.पा. वडा नं. ३ बस्ने **रोशन श्रेष्ठ** (ना.प्र.नं. : १६५५३/०६२ जारी मिति र जिल्ला : २०६२/०१/२७, चितवन) | |
| ४) धन लाल श्रेष्ठको नाति सूर्यलाल श्रेष्ठको छोरा चितवन जिल्ला भरतपुर वडा नं. ४ हाल, भरतपुर म.न.पा. वडा नं. ३ बस्ने **सन्तोष श्रेष्ठ** (ना.प्र.नं. : ३५४७८६६ जारी मिति र जिल्ला : २०६६/०४/२५, चितवन) | |
| **ख) शाखा कार्यालय : खोलेसिमल शाखा** | **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा** |
| **ऋणीको विवरण** | |
| धन लाल श्रेष्ठको नाति सूर्यलाल श्रेष्ठको छोरा चितवन जिल्ला भरतपुर वडा नं. ४ हाल, भरतपुर म.न.पा. वडा नं. ३ बस्ने **शुक्र कुमार श्रेष्ठ** (ना.प्र.नं. : २६१८ जारी मिति र जिल्ला : २०५१/१२/१५, चितवन) | |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** | |
| श्याम कुमार श्रेष्ठको छोरी सूर्यलाल श्रेष्ठको बुहारी शुक्र कुमार श्रेष्ठको पत्नी चितवन जिल्ला भरतपुर वडा नं. ४ हाल, भरतपुर म.न.पा. वडा नं. ३ बस्ने **शान्ति श्रेष्ठ** (ना.प्र.नं. : १९०३३/०६३ जारी मिति र जिल्ला : २०६३/०२/०९, चितवन) | |
| **यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८१/०७/२८ को कारोबार दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको । | |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ